जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक १२ २०८१ साल कात्तिक ४ गते आइतवार (20 Oct 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** प्रहरी एने जारी नहुँदा समस्या ... **पृष्ठ ३ मा :** जानकी जन्मभूमि ... **पृष्ठ ४ मा :** स्वरोजगार नीति किन ... **पृष्ठ ५ मा :** मारवाडी सेवा समितिद्वारा ...

## ऐतिहासिक भगवती मन्दिर र पोखरीको रुप फेर्दै





**राजविराज**/राजविराजको मुटुमै रहेको ऐतिहासिक तथा धार्मिक महत्वको चण्डेश्वरी भगवती मन्दिर तथा मन्दिरको छेउमा रहेको भगवती पोखरीको रुप फेरिदै छ ।

मन्दिर र पोखरी अहिले मर्मत-सम्भार भई नयाँ रुपमा परिणत हुने कममा छ । प्रदेश सभा सदस्य किरण कुमारी साह तथा राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख ईसरत परविनले विशेष चासो राख्दै मर्मत सम्भार र सौन्दर्यकरणका लागि कमशः आफ्नो संसदीय विकास कोष र नगरपालिकाबाट बजेट उपलब्ध गराएपछि उक्त मनिदर र पोखरीको रुप फेरिदै छ ।

प्रदेश सभा सदस्य साहले पटक पटक गरी उक्त मन्दिर र पोखरी सौन्दर्यकरणका लागि हाल सम्म आफ्नो संसदीय विकास कोषबाट करिब ६० लाख रुपैया उपलब्ध गराई सकेकी छिन् ।

यस्तै कार्यबाहक नगरप्रमुख परविनले नगरपालिकाबाट पहिलो चरणमा ५० लाख रुपैया उपलब्ध गराइएकी छिन् । दुवै जनाले अहिले सम्म उपलब्ध बजेटबाट भगवती मन्दिर र पोखरीको सौन्दर्यकरण थालनी गरेर आगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने बजेटले थप सौन्दर्यकरण कार्य गरिने प्रतिबद्धता समेत जनाएक छिन् ।

प्रदेश सभा सदस्य साह आफ्नो संसदीय विकास कोषको बजेटबाट मन्दिर र पोखरी प्रवे्श गर्ने दुईवटा मार्गमा प्रवेशद्वार तथा पोखरीको एक भागमा पुजाघाट निर्माण गराएकी छिन् । प्राचिन एवं धार्मिक महत्वको स्थल संरक्षण र सम्बर्द्धनको अभावमा जिर्ण बन्न लागेकाले आफुले विशेष चासो देखाएको उनको कथन छ ।

यता राजविराज नगरपालिकाले उक्त मन्दिर र पोखरीको सौर्न्यकरणका लागि ५० लाख रुपैयाको बजेट विनियोजन गरेको छ । आवश्यकता अनुसार आगामी वर्षमा समेत बजेट थपिने कार्यबाहक नगरप्रमुख ईसरत परविन बताउछिन् ।

नगरपालिकाले छुटयाएको बजेटबाट अहिले उक्त मन्दिर र पोखरीमा रंगरौगन, चारैतिर बृक्षारोपण, शौचालय र पर्खाल निर्माणको काम सकिएको छ । यस्तै पोखरीको चारैतिर विद्युतीकरण जडान र पर्खालका भित्ताहरुमा विभिन्न देवी देउता तथा धार्मिक र सांस्कृतिक महत्वका कलात्मक चित्रहरु कोर्ने र आकर्षक रुपमा सजाउने काम धमाधम भईरहेको कार्यबाहक नगरप्रमुख परविनको भनाई छ ।

## लामिछानेलाई पोखरा ल्याइयो, पक्राउ बारे सभामुखलाई जानकारी



**काठमाडौं**/सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखराको सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दा सम्बन्धमा अनुसन्धानका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिलाई रवि लामिछानेलाई पोखरा ल्याइएको छ ।

जिल्ला अदालत कास्कीले उक्त मुद्दामा अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएसँगै शुक्रबार काठमाडौंबाट पक्राउ पर्नुभएका लामिछानेलाई सडकमार्ग हुँदै राति नै पोखरा ल्याइएको हो ।

लामिछानेलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण गरी बिहान ३ बजेतिर जिल्ला प्रहरी कार्यालय कास्कीमा लगिएको प्रहरीले जनाएको छ । लामिछानेलेलाई आइतबार अदालतमा उपस्थित गराइने जनाइएको छ ।

यसैबीच सभामुख देवराज घिमिरेलाई प्रतिनिधिसभा सदस्य रवि लामिछाने पक्राउ परेको जानकारी गराइएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुखलाई त्यससम्बन्धी जानकारी लेखीपठाएको सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा शनिबार जारी सूचनामा उल्लेख छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## एक सातादेखी वेपत्ता महिला फेला परे

**राजविराज**/एक साता अघि वेपत्ता भएकी एक महिला शनिवार सकुशल फेला परेकी छिन । असोज २६ गते दशैका टिकाका दिन देखि सम्पर्क विहिन भएकी सप्तरीको कंचनरुप नगरपालिका १२ रुपननगरकी बेचन कुमारी पोखरेल शनिबार फेला परेको प्रहरीले जनाएको छ ।

दाजु शम्भु पोखरेलको घरमा टिका लगाउन जान्छु भन्दै निस्केकी ६२ वर्षिया पोखरेल बीच बाटो बाटै वेपत्ता भएकी थिइन । घरबाट करिब १ किलो मिटर टाढा रहेको



दाजु शम्भुको घरमा टिका लगाएर आउँछु भन्दै निस्केकी दिदी त्यहाँ नपुगी बीच बाटो बाटै हराएपछी परिवारजनले खोजतलास शूरु गरेका थिए ।

कतै कुनै सुराक नपाएपछी दिदीको अवस्था पत्ता लगाई दिन उनले प्रहरीमा समेत उजुरीं दिएका थिए । परिवारजनबाट सम्पर्क विहिन भएकी पोखरेलको हुलिया विवरण सहितको सम्पुर्ण विवरण प्रहरी कार्यालयहरुमा पठाई खोजतलास जारी रहेका बेला शनिवार राजविराज नगरपालिका क्षेत्रबाट आफन्त र प्रहरीले उनलाई फेला पारेको हो ।

उनलाई शनिवार नै

***बाँकी अन्तिम पृष्ठमा***

## मदिरा सेवन गरी यात्रुबाहक वस चलाउदा चालक प्रहरी फन्दामा

**राजविराज**/मदिरा सेवन गरी यात्रुबाहक वस चलाई रहेका एक चालक प्रहरी फन्दामा परेका छन । पक्राउ पर्नेमा प्रदेश १-०२००ख.०४१० नम्बरको सुनौलो बिहानी काजल ट्राभल्सका चालक मनोज कुमार यादव छन ।



उनलाई शुक्रवार साँझ राजविराजको मुख्य बजार क्षेत्रबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । साँझ ६ बजेतीर बजार क्षेत्रमा मदिरा सेवन गरी तिब्र गतिमा वस चलाउदै गर्दा प्रहरीको चेक जाच टोलीले यादवलाई पक्राउ गरेको प्रहरी नायब निरिक्षक एंव जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

चेक जाँचको क्रममा "मदिरा सेवन गरी गाडी किन चलाएको ? भनी प्रश्न गर्दा उल्टै प्रहरी टोलीलाई नै गाली बेइज्जती गर्न थालेपछी उनलाई नियन्त्रणमा लिइएको प्रनाउ बस्नेतले बताए ।

दुर्घट्ना नियन्त्रण तथा न्युनिकरण गर्ने उदेश्यले खटिएका प्रहरी टोलीमाथी नै रक्सीले मातेका चालक यादव दुर्व्यहारमा उत्रिएपछी नियन्त्रणमा लिई निज उपर अभद्र व्यवहार मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालयबाट ६ दिनको म्याद थपेर आवश्यक कारवाही प्रक्रिया सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**निमोनियाबाट बचौं र बचाऔं**

फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:
➢ज्वरो आउने, खोकी लाग्ने,
➢स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
➢स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
➢शरिर निलो हुने,
यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा,
त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बानी सुधारौं

सानैदेखी लागेको बानी परिवर्तन गर्न समय लाग्छ । तर, यहाँका जनता सानैदेखी लागेको बानी परिवर्तन गर्न समय मात्र नभई बानी नै सुधार्न चाहदैनन् । सप्तरी सदरमुकाम राजविराजको विभिन्न स्थानमा खुल्ला शौच गर्ने बानीका कारण नगर नै दुर्घन्धित हुन पुगेको छ । नगरपालिकाको चार स्थानमा शौचालय संचालनमा ल्याएपनि खुल्ला स्थानमै शौच गर्ने पुरानो बानीका कारण नगर नै दुर्घन्धित हुन पुगेको हो । पुरानो बानीलाई सुधार गर्नुका साटो सोही बानीलाई नै निरन्तरता दिइरहेका स्थानीयहरुले अझै बानी परिवर्तन गर्न चाहदैनन् ।

सरसफाई भन्ने बित्तिकै हामी घरबाट निकालिएको फोहरलाई मात्र सम्झने गर्दछौं । तर फोहरमा मानिसको शरीरबाट निस्कने बेकार पदार्थ पनि पर्छ भन्ने हामी बिर्सन्छौं । सन् २०१६ मै सप्तरी जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिसकिएको छ । सो समयमा नेपाल सरकारले चर्पी बनाउँनका लागि आवश्यक सामग्रीहरु समेत दिएको थियो । उहिले घोषणा गरिएको कुरा अहिले कागजमा मात्र देखिन्छ । जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गरिएपनि त्यो पूर्णरुपले लागु भएको देखिन्न् । उक्त समयमा सरकारी लहरका कारण घोषणा गरिएको थियो ।

पालिका भित्रका सडकहरु शौचालयमा परिणत भइरहेको छ, नगरपालिका अगाडी नै शौच र पिसाब गर्ने गरिन्छ तर, पनि पालिका मुकदर्शक भएको छ । तसर्थ यस्ता कार्यहरुलाई निरुत्साहित गर्न सम्बन्धित पालिकाले निगरानी बढाउनुका साथै सरसफाईमा ध्यान दिनु आवश्यक छ । सहर सुन्दर, सफा, व्यवस्थित तथा जनताको काम सरल र सुलभ तरिकाबाट कसरी हुने बारे समेत सम्बन्धीत निकाय जागरुक हुनु जरुरी छ ।

# प्रहरी एने जारी नहुँदा समस्या : मुख्यमन्त्री सिंह

**जनकपुरधाम**/ मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सङ्घीय सरकारले प्रहरी समायोजन ऐन जारी नहुँदा प्रदेश सरकारलाई प्रहरीको सञ्चालनमा समस्या आएको बताएका छन् ।

६९औँ प्रहरी दिवसका अवसरमा मधेस प्रहरी कार्यालय जनकपुरधाम, धनुषाद्वारा बुधबार जनकपुरधाममा आयोजित समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

प्रहरी समायोजन ऐन जारी नहुँदा प्रदेश सरकार समस्यामा रहेको भन्दै उनले भने, "मधेस प्रदेशमा करिब ६२ लाख जनसङ्ख्या रहेको छ । यहाँको सुरक्षामा प्रहरीले गरेको भूमिका महत्वपूर्ण रहेको छ तर हामीसँग ऐन छैन, नीतिगत रूपमा काम गर्न सक्दैनौँ ।"

प्रदेशमा लागुऔषधको ओसारपसार, मानव तस्करी, राजस्व चुहावट तथा चोरी, डकैती, साइवर अपराध रोक्न प्रदेश सरकारका लागि ठूलो चुनौतीका रूपमा रहेकाले यसको नियन्त्रण तथा रोकथामका लागि प्रहरी सङ्गठनले कडा रूपमा लाग्नुपर्ने मुख्यमन्त्री सिंहले बताए ।

सोही अवसरमा मधेस प्रदेशका गृह, कानुन तथा सञ्चार मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवले सीमित साधनस्रोतका बाबजुद प्रहरी सङ्गठनले प्रदेशमा शान्तिसुरक्षा तथा सुशासन कायम गर्न खेलेको भूमिका अति महत्वपूर्ण रहेको बताए ।

उनले देशमा शान्तिसुरक्षा कार्यमा निरन्तर खट्ने प्रहरी सङ्गठनलाई राज्यबाट समयसापेक्ष आधुनिक संरचनामा लैजाने तथा समयसापेक्ष सहयोग आवश्यक रहको उल्लेख गरे ।

मधेस प्रदेश प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले प्रदेशमा हुने लागुऔषध ओसारपसार, चोरी-डकैती घटना तथा सीमाक्षेत्रमा हुने अवैध कार्य रोक्नु चुनौतीपूर्ण भए पनि सुरक्षा निकाय गम्भीरतापूर्वक लागेको जानकारी दिँदै यो कार्यमा सबैको सहयोग आवश्यक रहेको आग्रह गरे ।

# राष्ट्रिय हितमा काम गर्ने वर्तमान सरकार असफल : उपेन्द्र यादव

**राजविराज**/ जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताको सुरक्षा, राष्ट्रिय सम्पत्तिको रक्षा र राष्ट्रिय हितमा काम गर्न वर्तमान सरकार असफल भएको बताएका छन् ।

जसपा नेपाल सप्तरीद्वारा शुक्रबार राजविराज आयोजित "जनतासंग जसपा नेपाल आधारभूत संगठन निर्माण अभियान" अन्तर्गत अभियान्ताहरुको विस्तारित बैठकलाई सम्बोधन गर्दै उनले यस्तो दाबी गरेका हुन् ।



पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले काँग्रेस-एमाले गठबन्धनका कारण मुलुक थप संकटमा धकेलिएको समेत बताए ।

अध्यक्ष यादवले मधेस आन्दोलनबाट प्राप्त संघीयता, समानुपातिक समावेशी प्रतिनिधित्व समाप्त पार्ने षड्यन्त्र काँग्रेस र कम्युनिस्ट पार्टीको गठबन्धन सरकारले गरिरहेको दोषारोपन समेत गरे ।

जसपा नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतमा सम्पन्न कार्यक्रममा जसपा नेपालका केन्द्रीय उपाध्यक्ष एवम् राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमर सिंह यादव, जसपा नेपालका केन्द्रीय सचिब एवम् पुर्व अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह लगायतले मधेश आन्दोलनबाट प्राप्त पहिचान, प्रतिनिधि र अधिकार संरक्षणका लागि संगठित हुनुपर्नेमा जोड दिए ।

# एक महनिादेखी वेपत्ता पोखरेल मृत फेला

**राजविराज**/ एक महिनादेखी वेपत्ता रहेका सप्तरीको कंचनरुप नगरपालिकाका एक व्यक्ती मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

प्रहरीका अनुसार मंगलवार दिउँसो वडा नं. ९ रुपनगर निवासी ५५ वर्षिय ज्ञानमणी पोखरेल घर नजिकैको धान खेतमा मृत अवस्थामा फेला परेका हुन ।

शव कुहिएर दुर्गन्ध फैलिए पछी पुगेका स्थानीयले पोखरेलको शव घोप्टो परेको अवस्थामा देखेर प्रहरीलाई खबर गरेका थिए ।

परिवारजनका अनुसार पोखरेल गत भदौ ३० गते आईतवार घरबाट बजार तर्फ निस्केका र सो पश्चात सम्पर्क विहिन भएका थिए ।

घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपालले जनाएका छन ।

# बाढीबाट चन्द्रनहरमा लाखौँको क्षति

**राजविराज**/ हालैको बाढीबाट मुलुकको सबैभन्दा पुरानो चन्द्रनहरमा लाखौँको क्षति भएको छ । नहरका विभिन्न भागका बाँध भत्केका छन् ।

चन्द्रनहर सिँचाइ प्रणाली जल उपभोक्त समितिका अध्यक्ष बद्रीनारायण यादवका अनुसार तिरहुत गाउँपालिका-४ स्थित डिबनको दुई ठाउँमा नहरको बाँधलाई भत्काउँदा क्षति भएको छ । हुलाकी सडकअन्तर्गत पर्ने महादेवा गाउँपालिकास्थित चिम्टीमा पनि नहरको केही भाग भत्केको छ । क्षतिका कारण नहर पूर्णरुपमा बन्द छ । बाढीबाट ५० लाखभन्दा बढीको क्षति भएको उनले जानकारी दिए ।

लामो समयदेखि लथालिङ्ग रहेको चन्द्रनहरलाई कोशी पम्प चन्द्रनहर डिभिजन कार्यालयले विगत दुई वर्षदेखि पुन:निर्माण गर्दै थियो । नहर बन्द भएपछि यहाँका किसान चिन्तित भएका छन् । नहर मर्मतसम्हार प्रारम्भ गर्न स्रोत-साधन जुटिनसकेको अध्यक्ष यादवले बताए ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
सप्तकोशी नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# जानकी जन्मभूमि पुनौराधाम

**श्रीमननारायण**

जगद् जननी जानकी मिथिलाकी राजकुमारी थिइन् । राजर्षि जनककी एक मात्र सन्तान जानकीको जन्मभूमि अथवा प्राकटयस्थली सीतामढीको पुनौराधाममा रहेको छ । पुनौराधामको पुरानो नाम पुण्यारण्य थियो । यो ठाउँ पुण्डरिक ऋषिको तपोभूमि र आश्रम पनि थियो । पुराण, संहिता र रामायणहरूमा यसको महत्वाकांक्षी वर्णन गरिएको छ ।





> "राजर्षि जनककी एक मात्र सन्तान जानकीको जन्मभूमि अथवा प्राकटयस्थली सीतामढीको पुनौराधाममा रहेको छ । पुनौराधामको पुरानो नाम पुण्यारण्य थियो । यो ठाउँ पुण्डरिक ऋषिको तपोभूमि र आश्रम पनि थियो । पुराण, संहिता र रामायणहरूमा यसको महत्वाकांक्षी वर्णन गरिएको छ ।"

बृहत् विष्णु पुराणमा मिथिलाको सिमानाका बारेमा यसरी लेखिएको छ–

कौशीकीन्तु समारभ्य गण्डकी मधिगम्यवै ।
योजनानि चतुर्विशंद व्यायामः परिकर्तित ।
गंगा प्रवाह भारम्य यावद्धे भवत वनम् ।
विस्तार षोडशः प्रोक्टो देशस्य कुरुनन्दन ॥
मिथिला नाम नगरी तवास्ते लोक विश्रूता ॥

पूर्वमा कोशी नदीदेखि पश्चिममा गण्डकी नदीसम्म र दक्षिणमा गङ्गा नदीदेखि उत्तरमा वन प्रदेशसम्म ( चुरेपर्वत शृंखला) ९६ कोश लम्बाइ र ६४ कोश चौडाइ भएको मिथिला देश हो । इक्ष्वाकुतनय महाराजा निमिका आत्मज महाराजा मिथिको नामबाट 'मिथिला' देशको नामकरण गरियो । मिथिलाका राजाको राजदरबारको सिमाना पनि निकै फराकिलो र व्यापक थियो ।

समारम्भः महाँभागा, पूर्वे हरिहरालयम् ।
तथा मैत्रेष निर्दिष्ट, पश्चिमे या जलेश्वरम ॥
गिरणालय मारम्य, याबद्धै धनुर्ष स्थितिः ।
इति दुर्गस्य मर्यादा, मिथिला सा महापुरी ।

राजर्षि जनकको प्राचीन दुर्ग जुन थियो, त्यसका चार विशाल फाटक (ढोका) थिए । वर्तमानमा यो जनकपुरधामबाट क्रमशः दश माइल उत्तर दिशामा धनुषा, दश माइल दक्षिणमा गिरिजा स्थान (हाल बिहार भारत) दश माइल पूर्वमा हरिहरालय महादेव र दश माइल पश्चिममा जलेश्वरनाथ रहेको थियो । जलेश्वरनाथ भगवान् शिवजीको जलशयन स्थल हो । बृहत् विष्णु पुराणकै तल लेखिएको श्लोकमा महाराजा शिरध्वजले यसै जलेश्वरनाथभन्दा पश्चिम भागमा शास्त्रवत् ८८ हजार ऋषिहरू एवं महारानी सुनयनासहित तीन योजनको दूरीमा हलेष्ठी यज्ञार्थ पुण्डरिक आश्रम (पुण्यरण्य) पुनौराधामका लागि प्रस्थान गरे । यहाँ हलेष्ठी यज्ञबाट सिद्धि प्राप्ति भएको थियो ।

दुर्गात्पश्चिमतो भागे योजने त्रितयात्पर ।
यज्ञस्थल महाभागा सीता राघव वल्लभा ।
जनकेन ग्रहेनीतन, साक्षात, माया स्वरुपिनी ॥

त्रेतायुगमा लंकाधिपति रावण राक्षसी वृत्तिबाट अनुप्रेरित, मदान्धबाट मण्डित भएर आफ्नो राज्यसीमा अन्तर्गतका तपस्यारत ऋषिमुनिबाट कर असुलीका लागि आदेश जारी गरे । महाराजको आदेश प्राप्त भएपछि तिनका अनुचरहरू ऋषिमुनिहरूलाई कर बुझाउन दबाब दिए । कन्दमूल, फलफूल सेवन गर्ने ऋषिमुनिहरूसित मुद्राको अभाव हुनु स्वाभाविकै थियो तर पनि राजाको आदेशको पालन गर्दै ऋषिमुनिहरूले आ-आफ्नो शरीरबाट शोणित (रगत) निकाली एउटा घैंटो ( करण्डिका) मा राखेर रावणका अनुचरहरूलाई सुम्पिने बेलामा श्राप पनि दिए– यस करण्डिकाको मुख उद्घाटित हुनेबित्तिकै तिम्रो स्वामीको सर्वनाश हुनेछ । भस रावणका अनुचरहरूले लंकेशको राजसभामा उपस्थित हुँदै 'ऋषि श्राप'बारे सुनाए । त्यसपछि रावण आक्रोशित भएर उक्त करण्डिकालाई आफ्नो राज्यसीमाभन्दा निकै टाढा मिथिलाका राजा जनकको सीमा क्षेत्र पुण्यारण्य नामक जंगलमा गोप्य रूपमा गाड्न लगाए ।

भनिन्छ, एकपटक शिवजीको सभामा वेदान्त विचार-विमर्शमा राजा जनकबाट पराजित भएका रावण आफ्नो पराजय त स्वीकार गरे, तर प्रतिशोधको आगोमा प्रज्ज्वलित भइरहेका थिए । 'श्रापयुक्त' करण्डिकाको प्रयोग गरेर राजा जनकसित बदला लिने उपाय उनले निकाले । रावणका अनुचरहरूले ज्ञान, तपो र पूण्य भूमि मिथिलाको पुनौराधाममा 'रक्तपुरित करण्डिका'लाई अवनीको अन्तरालमा शृतिकासित ढाकिदिएका थिए ।

"पश्यन पुण्यनरण्यम च,
सीताम मैथिलस्थ,
कृताभूमि गता दुतेस्तदासवः करण्डिका

यस करण्डिकाका कारण मिथिलामा अनिकाल पर्न गयो । अनावृष्टिका कारण मिथिलावासीमा त्राहिमाम् मच्चिन गयो । अन्न र जलको अभावमा मानिसलाई बाँच्न गाह्रो हुन थाल्यो । खेतमा उब्जनी कम हुन थाल्यो, मौसम पनि प्रतिकूल र डरलाग्दो खालको हुन थाल्यो ।

त्यतिबेला मिथिलाका महाराजा निमिका बंशज हस्वरोमाका सुपुत्र मिथिलामा शिरध्वज शासन गरिरहेका थिए । उनलाई जनक र विदेहको उपाधि पनि प्राप्त थियो । प्यारा जनताको आग्रहमा महाराजा जनकले आफ्नी महारानी सुनयना र ८८ हजार ऋषिमुनिसहित आफ्नो राजदरबारको पश्चिमी ढोका जलेश्वरनाथभन्दा तीन योजन (१२ कोस २४ माइल) को दूरीमा ज्योति खडा गरे । जुन ठाउँ अहिले सीतामढीमा छ । वायव्यकोण ( पश्चिमोत्तर) मा गएर एउटा शिवलिङ्गको स्थापना गरे । यज्ञभूमिमा हलो जोत्दै उनी पुण्डरिक आश्रम अन्तर्गत पुगेपछि त्यहीं जमिनमुनि गाडिएको करण्डिका, हलाग्र ( लांगल) स्पर्श हुनेबित्तिकै विच्छिन्न हुन पुग्यो र समस्त संसारलाई सुख प्रदान गर्ने, क्लेश हर्ने, श्रेयस्करी, वीरशक्ति महिसुता (सीता) दिव्य रूपमा प्रकट भइन् । यसबारे उपनिषदकारहरूले आफ्नै किसिमले प्रशंसा गरेका छन् ।

केही क्षणमै भूमिजा ( सीता) बालिकाको रूपमा रुन थालिन् । यसै कारण यस ठाउँको नाम पुण्यरसा हुन गयो ।

पद्मपुराणमा उल्लेख भए अनुसार ऋषि पौण्डरिकले बालिकालाई जया मानेर जानकी नामबाट विभूषित गर्दै महाराज जनकलाई सुम्पिदिए । जयाबाट जानकी नाम सिद्ध हुन्छ । जसमा मातृत्व र पितृत्वको गुण वर्तमान रहेको हुन्छ तर कुनै मातापिताद्वारा त्यस सन्तानको जन्म भएको हुँदैन, अपितु पृथ्वीबाट उत्पन्न भएको हुन्छ, यस्तो सन्तानलाई जया भन्ने गरिन्छ ।

जानकीको अवतरणपश्चात् महाराजा जनकले बालिकालाई लिएर आफ्नो शिविरमा फर्के तथा त्यहाँ एउटा मडई (कुटी) को निर्माण गरे । त्यहाँ नारद आइपुगे र उनले जानकीको नाम 'सीता' राखे । सीताका लागि बनाइएको मडईलाई 'सीतामढी' नामकरण गरियो ।

हलोको अग्र भागलाई पनि सीता नै भन्ने गरिन्छ । राजा जनककी सुपुत्री भएका कारण जानकी र सीता (हलो) को अग्र भागबाट प्रकट भएकी कारण उनको पवित्र नाम 'सीता' नै सर्वथा उचित हुन्छ । सीता प्रकट भएको ठाउँ पुण्यारण्य (पुनौराधाम) र सीताका लागि बनाइएको कुटी (मढी) दुवै ठाउँमा भव्य मन्दिरहरू छन् । दुवैको बिचको दूरी तीन-चार किलोमिटर हुनुपर्छ । हाल दुवै ठाउँ पुरानो मिथिला र हाल बिहार सीतामढीमा पर्दछ ।

महाराजा जनककी सुपुत्री भएकी कारण उनी मिथिलाकी राजकुमारी थिइन् । मिथिलाको राजधानी हाम्रो जनकपुरधाममा छ । जानकी प्राकटयस्थली पुनौराधाममा अहिले पनि एउटा जानकी कुण्ड रहेको छ । त्यसमा बाह्रमासै पानी रहन्छ, त्यसबाट माटो निकाल्न खोज्दा तीव्र गतिमा पानी बढ्ने गर्छ । मन्दिरको कम्पाउन्डमै एउटा कल्पतरुको सानो बृक्ष पनि रहेको छ । मन्दिरका महन्थ कौशल किशोर दासका अनुसार पहिला यहाँ आँप, पिपल, बर, निम आदिका विशाल बृक्ष थिए, बिभिन्न कारण अहिले ती अस्तित्वमा छैनन् ।

१९९० सालमा आएको विनाशकारी भूकम्पका कारण यहाँका धेरै अवशेष विलीन हुन पुगे । जनकपुरधाम र पशुपतिनाथको दर्शन गर्न आउने भारतीय तीर्थालुहरू सुरुमा पुनौराधाम हुँदै जनकपुरधाम आउँछन् अथवा जनकपुरबाट फर्केर आएपछि त्यहाँ जाने गर्छन् । दैनिक रूपमा हजारौं तीर्थालुहरू आउँछन् । यहाँ एउटा विवाह मण्डप र यज्ञस्थल पनि छ । यहाँ निरन्तर रूपमा यज्ञ, होम, पुजन भइरहेका हुन्छन् ।

मिथिलाको सभ्यता र संस्कृतिलाई जोगाइराख्न पुनौराधामको पनि ठुलो योगदान छ । मन्दिरको परिसर निकै ठुलो र आकर्षक छ । फूलबारी पनि आकर्षक छ । पुनौराधामलाई भारतको प्रसिद्ध तीर्थस्थल बनाउने मनसायले बिहार सरकार र भारतको केन्द्र सरकार पनि लागिपरेको टिप्पणी महन्थ कौशल किशोर दासको रहेको छ ।

कसैसित हतपती मिल्न र संवाद गर्न नरुचाउने महन्थजीले एक घन्टासम्म विचार-विमर्शका लागि समय दिए । नेपाल-भारत घनिष्ठ सम्बन्धका पक्षधर महन्थ कौशल किशोर दास नेपालप्रति धेरै सकारात्मक र सहृदयी देखिए । निरन्तर रूपमा जनकपुर र पशुपतिनाथको दर्शन गर्ने उनी मिथिलाको गौरवशाली संस्कृतिको रक्षामा दुवै देशका सरकारले मिलेर काम गर्नुपर्ने उनको सुझाव छ ।

रातोपाटीबाट


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

# स्वरोजगार नीति किन आवश्यक ?

**लोकेन्द्र खड्का**

राज्यले आवश्यकता महसुस गरी राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, युवा नीति लगायत निर्माण नगरेको होइन तर ती नीतिहरू वर्तमान नेपालको समस्या समाधानार्थ पर्याप्त भएनन् ।

गरिबी निवारणका लागि राज्यमा उपलब्ध श्रमशक्तिलाई सुरक्षित एवं व्यवस्थित तरिकाले उत्पादनको क्षेत्रका आबद्ध गराई अर्थतन्त्र सबल बनाउने रोजगार नीतिमा उल्लेख छ । यस्तै, युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गर्दै राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा योगदान दिन सक्ने युवा तयार गर्ने लक्ष्य युवा नीतिले लिएको छ तर रोजगारका अवसर गुम्ने क्रम निरन्तर छ । निर्यातभन्दा आयात अत्यधिक भई स्वरोजगारका अवसर समेत गुमिरहेका छन् ।

रोजगारीका अवसर वृद्धि गर्न ठूल्ठूला बहुराष्ट्रिय कम्पनीलाई भित्र्याउँदा स्वदेशका थुप्रै स-साना उद्योग बन्द भई स्वरोजगारको पूर्वाधार भत्किने गर्छन् । बजार नियन्त्रित अर्थ-व्यवस्थामा रोजगार तथा स्वरोजगारका अवसरलाई निजी क्षेत्रले पूर्ण रूपमा बेवास्ता गरी मुनाफामा मात्र ध्यान दिएको हुन्छ । यस्तो अवस्थामा राज्यले अभिभावकीय भूमिका निभाउन नसक्ने हो भने लाखौंको संख्यामा रोजगारी र स्वरोजगारका अवसर एकैपटक गुम्ने गर्छन् ।

संसारको सबभन्दा धेरै दुध उत्पादन गर्ने देश भारत र संसारको सबभन्दा सस्तो दुध उत्पादन गर्ने देश चीनका बिचमा अवस्थित नेपालका लाखौं किसान परिवार पशुपालन र दुग्ध व्यवसायमा संलग्न भई आफ्नो जीविकोपार्जन गरिरहेका छन् । अब खुला अर्थतन्त्रका नाममा भारतबाट पाउडर दुध र चीनबाट कच्चा दुध भित्र्याई उपभोक्तालाई सस्तोमा दुध खुवाउनु उपभोक्ताको हितमा छ भन्ने निष्कर्ष राज्यले निकाल्ने हो भने नेपालका लाखौं किसान बेरोजगार हुन्छन् । यो त एउटा प्रत्यक्ष देख्न सकिने उदाहरण हो ।

निर्माणको क्षेत्र, कपाल कटाइको क्षेत्र, प्लम्बिङ, मार्बलिङजस्ता क्षेत्रमा विशेष गरी छिमेकी देश भारतबाट श्रमिक आउने गरेका छन् । यस्ता काममा देशकै युवा लाग्ने वातावरण राज्यले तयार गर्न सकेको छैन । यी र यस्ता समस्या समाधानार्थ स्वरोजगार नीति आवश्यक देखिन्छ ।

**राजनीतिकसँगै आर्थिक परिवर्तन**

देशमा हुने हरेक ठूला परिवर्तनले युवामा आशाको सञ्चार गरेको हुन्छ अनि आशा पूरा नभएमा चाँडै निराशा समेत पलाउँछ । विशेष गरी २०४६ र २०६४ को परिवर्तनपछि युवामा आशा पनि बढेको र निराशा पनि चाँडै आएको देखिन्छ । परिवर्तनपछि युवामा बढेको उत्साह र आशालाई उत्पादकत्व वृद्धिमा जोड्न सकेको भए राजनीतिक परिवर्तनलाई टेवा पुग्ने गरी आर्थिक विकासका पूर्वाधार निर्माण हुने थिए । त्यसो नभएर राजनीतिक प्रणाली परिवर्तन गर्ने तर देशको उत्पादन प्रणालीलाई यथावत् राख्दाको परिणाम अहिले देशको अर्थतन्त्रमा देखिरहेको छ ।

उत्पादन प्रणाली परिवर्तन गर्न उत्पादनका साधनको बाँडफाँड गर्ने प्रणालीमा परिवर्तन गरिनुपर्दथ्यो । हामीकहाँ जमिनको स्वामित्त्व लिने, पुँजी आर्जन गर्ने र श्रमिक व्यवस्थापन गर्ने विधि-प्रक्रिया पुरानै किसिमको छ । नयाँ प्रविधिको प्रयोगमा हामी धेरै पछाडि छौं । त्यसैले राजनीतिक परिवर्तन र आर्थिक परिवर्तनमा तालमेल मिलिरहेको छैन । युवाहरू परिवर्तनका संवाहक हुन् भन्दै राजनीतिक परिवर्तनमा युवालाई सरिक गराउने तर परिवर्तनपछिको आर्थिक परिवर्तनको चरणमा युवालाई सरिक नगराउनु नै हाम्रो प्रमुख समस्या देखिएको छ ।

नेपालमा वार्षिक कति युवा श्रम-बजारमा आउँछन् होला भन्ने अनुमान एसईई परीक्षा दिने विद्यार्थीको संख्याबाट पनि गर्न सकिन्छ । २०८० मा एसईई दिने विद्यार्थी चार लाख ५० हजार थिए भने ५० प्रतिशतभन्दा बढी अनुत्तीर्ण भए । उत्तीर्ण भएका दुई लाख २५ हजार युवामध्ये ५० प्रतिशतले उच्च शिक्षाका लागि अवसर पाए भने बाँकी एक लाख २५ हजार र दुई लाख ५० हजार गरी तीन लाख ७५ हजार युवा एसईईपश्चात् श्रम बजारमै प्रवेश गर्ने हुन् । एसईईसम्मको अध्ययन गर्ने चरणमै नपुगी श्रम बजारमा प्रवेश गर्ने युवा पनि तीन लाख ७५ हजारकै हाराहारीमा हुने भएकाले वार्षिक सात लाख ५० हजार युवा श्रम बजारमा प्रवेश गर्ने अवस्था देखिन्छ ।

वार्षिक सात लाख ५० हजार युवालाई आर्थिक उपार्जनमा संलग्न गराई देशको अर्थतन्त्र सबल बनाउन देशले कस्तो नीति अपनाउनुपर्छ भन्ने नै आजको जल्दोबल्दो विषय हो । उत्पादनका साधनमध्ये श्रम नै यस्तो साधन हो, जुन आज प्रयोग गर्‍यो भने गरियो, गर्न नसके खेर जान्छ, सञ्चय गर्न सकिन्न । साथै नकारात्मक परिणाम समेत देखिन थाल्छ । वैदेशिक रोजगारीमा अदक्ष श्रमिक पठाएर कुनै पनि देशको आर्थिक उन्नति हुन सक्दैन । २०५० को दशकबाट तीव्र गतिमा वैदेशिक रोजगारीमा प्रवेश गर्न सुरु गरेर आजको मितिमा दैनिक २००० युवा वैदेशिक रोजगारका लागि बहिर्गमन भएको तथ्यांक देखिन्छ भने सरदर ४५ वर्षको उमेरपश्चात् ऊ स्वदेश फर्किएर नेपालको श्रम बजारमा पुनः प्रवेश गरिसकेको हुन्छ ।

**निजी तथा सरकारी क्षेत्रको सहकार्य**

देशमा रोजगारका अवसर सिर्जना गर्ने माध्यम सरकारी र निजी क्षेत्र हुन् । सरकारी क्षेत्रमा रोजगारका अवसर सीमित छन् । निजी क्षेत्रले पनि बजार मागको तुलनामा गुणात्मक रूपमा रोजगारका अवसर सिर्जना गर्ने अवस्था देखिँदैन । सम्पूर्ण रोजगार क्षेत्रको ८५ प्रतिशत हिस्सा निजी क्षेत्रले र १५ प्रतिशत सरकारी क्षेत्रले ओगटेको हुनाले स्वरोजगारको क्षेत्र विस्तारका लागि पनि निजी तथा सरकारी क्षेत्रको सहकार्य अपरिहार्य देखिन्छ ।

हाम्रो संविधानले रोजगारीलाई मौलिक अधिकारमा परिभाषित गरिसकेको छ, तर विद्यमान नीति-नियमले श्रम बजारमा प्रवेश गर्ने वार्षिक सरदर पाँच लाख युवालाई काममा जोड्न सकिरहेको छैन । त्यसैले श्रम बजारमा प्रवेश गर्ने युवालाई समेट्नका लागि स्वरोजगार नीतिको आवश्यकता खट्किएको छ । यस नीतिले धेरै विषयको गन्तव्य तय गर्न, प्राथमिकता निर्धारण गर्न अनि देशमा उपलब्ध साधन-स्रोतको बाँडफाँड गर्न भूमिका खेल्न सक्छ ।

विश्व व्यापार संगठनको सदस्य भइसकेको अवस्थामा नेपालले आफ्नो उत्पादन विश्व बजारमा खुला रूपमा बिक्री गर्न त सक्छ भनिन्छ, तर नेपाली उत्पादन विश्व बजारमा प्रतिस्पर्धात्मक बन्न कठिनाइ हुने गर्छ । त्यसैले नेपालले ठूलाठूला उद्योगमा लगानी गर्ने र विश्व बजारमा आफ्नो पकड बनाउने योजना बनाउनुभन्दा स्वदेशी बजारलाई लक्षित गरी दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर बन्दै आयात प्रतिस्थापन गर्ने पहिलो रणनीति लिनुपर्छ । सँगसँगै निर्यात प्रवर्द्धन गर्न, उत्पादन लागत मूल्य कम गर्न र उत्पादनको गुणस्तर सुधारमा ध्यान दिन जरुरी छ । गुन्द्रुक, हरियो धनियाँ, भटमास, दैनिक उपभोग्य तरकारीजस्ता वस्तु जुन स्वदेशमा सजिलै उत्पादन गर्न सकिन्छ, त्यस्ता वस्तु उत्पादन गरी बिक्री गर्ने विषय स्वरोजगार नीतिसँग जोडेर हेरिनुपर्छ ।

विप्रेषणमा राज्य रमाइरहँदा नेपालको उर्वर भूमि बाँझै रहेर कृषिप्रधान देशमा कृषि क्षेत्रको अधिकांश स्वरोजगारका अवसर गुमिरहेको विषयलाई गम्भीरतापूर्वक लिइनुपर्छ । दीर्घकालीन कृषि योजना तय गरेर युवाका लागि स्वदेशमै स्वरोजगारका अवसर प्रदान गर्न स्वरोजगार नीति आवश्यक हो ।

**अवस्थाको विश्लेषणसहित नीति**

के कारणले देशमा रोजगार र स्वरोजगारका अवसर साँघुरिँदै गएका छन् ? नीतिगत समया हो कि व्यवस्थापकीय समस्या हो ? यी प्रश्नलाई समेटेर स्वरोजगार नीति ल्याउन आवश्यक छ । वैदेशिक रोजगारीले पहाडी भेगबाट तराईमा बसाइँसराइ हुने, तराई र उपत्यकामा मानव व्यवस्थापनमा समस्या हुने तर नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको ग्रामीण उत्पादन तथा उपभोग प्रणाली ध्वस्त हुँदै परनिर्भर अर्थतन्त्र निर्माण भइरहेको छ । पहाडी क्षेत्र तथा हिमाली क्षेत्रका विकास पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा खानेपानीका क्षेत्रमा राज्यले पछिल्ला २० वर्षमा गरेको लगानी खेर गइरहेको छ । यसको ठिकविपरीत देशका ठूल्ठूला सहरका विकास निर्माणका कार्य तथा जनसंख्या व्यवस्थापनमा समस्या सिर्जना भइरहेको छ । अर्थात् नेपाली युवा स्वदेशी श्रम बजारमा कार्यरत नभएकै कारण विदेशी कामदारको चाप क्रमशः नेपालमा बढिरहेको छ । उचित नीतिको अभावमा आजका दिनमा आठ लाखभन्दा बढी अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारका रूपमा विदेशी श्रमिक नेपालमा कार्यरत रहेको अवस्था देखिन्छ ।

भारतजस्तो विश्वको सबभन्दा दोस्रो ठूलो जनसंख्या भएको देशको सबभन्दा बढी विप्रेषण भित्र्याउने देशहरूको सूचीमा नेपाल ८औं नम्बरमा पर्छ । यी सबै विषयलाई नीतिगत रूपमा व्यवस्थापन गरी स्वरोजगारका अवसर संरक्षण गर्नु आजको आवश्यकता हो ।

देशको अर्थतन्त्रलाई चलायमान गराउँदै देशको बेरोजगारी समस्याको सम्बोधन गर्न स्थानीय आवश्यकताका आधारमा स्थानीय श्रम तथा कच्चा पदार्थको अधिकतम प्रयोग गर्ने गरी साना-साना कुटिर उद्योग, साना तथा घरेलु उद्योग स्थापना गर्न आवश्यक छ । स-साना उद्योग स्थापना गर्दै कच्चा पदार्थबाट क्रमशः 'सेमी-फिनिस्ड गुड्स' तहमा पुग्नका लागि आफैं मालिक तथा आफैं कामदारका रूपमा लाखौं युवालाई आबद्ध गराउन सकिन्छ । यसबाट वार्षिक रूपमा श्रम बजारमा प्रवेश गर्ने युवाहरू, वैदेशिक रोजगारबाट फर्केका युवाहरू लाभान्वित भई स्वरोजगारका अवसर सिर्जना हुनेछन् ।

सरकारी तथा निजी क्षेत्रमा रोजगारका अवसर सीमित भएको र वैदेशिक रोजगारीमा अवगुण पर्याप्त भएकाले नेपालको अर्थतन्त्रमा आधारभूत रूपमा परिवर्तन ल्याउन सक्ने क्षेत्र भनेको स्वरोजगार नै हो, यसका लागि राज्यसँग व्यवस्थित स्वरोजगार नीति हुनु आवश्यक छ ।

एउटा व्यक्ति स्वरोजगार हुनका लागि के के आवश्यक पर्छ ? स्वरोजगार र शिक्षाको सम्बन्ध कस्तो हुनुपर्छ ? वैदेशिक रोजगारको क्षेत्र र स्वदेशमा उपलब्ध हुने रोजगार क्षेत्रको सम्बन्ध कस्तो बनाउने ? उद्यमी र व्यवसायीको फरक के हो ? देशमा स्वरोजगारका अवसर सिर्जना गर्न उत्पादन नीति, वितरण प्रणाली तथा उपभोग नीति कस्तो बनाउने ? विदेशी श्रमिकसम्बन्धी धारणा के हो ? आयात नीति, निर्यात नीति, श्रम नीति तथा अन्य विद्यमान नीतिका कारण कति नेपाली बेरोजगार भइरहेका छन् वा स्वरोजगारका अवसर गुमाइरहेका छन् र यसको अनुसन्धान तथा विश्लेषण कसले गर्ने ? विज्ञान र प्रविधिको विकासलाई स्वरोजगारको क्षेत्रले कसरी सदुपयोग गर्ने ? आदि प्रश्नलाई समेट्ने गरी स्वरोजगार नीति आउनुपर्छ ।

ँस राज्यले उपलब्ध गराउने तालिम पनि ज्ञान अभिवृद्धिका लागि गराउने हो वा सीप अभिवृद्धि गराउनका लागि गराउने हो भन्ने यकिन गरेर सीप अभिवृद्धि भएको युवालाई स्वरोजगारका क्षेत्रमा प्रवेश गराउने नीति राज्यले लिनुपर्छ ।

वैदेशिक रोजगारीमा जानुअघि आवश्यक सीप अनिवार्य सिकाउने विषय स्वरोजगार नीतिमा समेटिनुपर्छ । उत्पादनमा जोडिएको, व्यापारमा जोडिएको र सेवा प्रवाहमा जोडिएको गरी युवालाई वर्गीकरण गर्न सकिन्छ । उत्पादनमा जोडिएको युवालाई प्राथमिकतामा राख्न र राज्यले उपलब्ध गराउने सहुलियतलाई स्वरोजगारमा जोड्न स्वरोजगार नीतिको आवश्यक छ ।

नेपाली उद्यमीले स्वरोजगारको अवसर सिर्जना गर्दा राज्यले के कस्तो सेवा-सुविधा उपलब्ध गराउने र स्वरोजगारका अवसर सिर्जना गर्दा कुन क्षेत्रलाई जोड दिने भन्नेजस्ता विषय पनि स्वरोजगार नीतिमा किटान गरिनुपर्छ ।

राज्यले जनतालाई हरेक क्षेत्रमा अनुदान उपलब्ध गराई कल्याणकारी राज्यको पहिचान बनाउन खोजिरहेको भए पनि राज्यको आर्थिक क्षमताले धान्न धौ-धौ परिरहेको छ । अनुदानको अवधारणालाई परिवर्तन गर्दै नागरिकलाई उद्यमी बनाउन सुलभ कर्जा र सीप विकासमा राज्यले सहयोग गर्नुपर्छ । हाम्रा ग्रामीण क्षेत्रमा अर्ध-रोजगार तथा मौसमी स्वरोजगार हुने प्रकृतिका कृषि कार्य हुने गर्छन् । यी अवस्था र क्षेत्रलाई पनि सम्बोधन गर्ने गरी राज्यले नीति ल्याउन आवश्यक छ ।

विद्यालय शिक्षादेखि नै स्वरोजगार र रोजगारका विषयमा विद्यार्थीलाई अवधारणागत स्पष्ट पार्न आवश्यक छ । राज्यका विभिन्न क्षेत्र (जस्तै :खेलकुद, अपांगता क्षेत्र, सेना तथा प्रहरीको परिवार, कर्मचारीको परिवार, वैदेशिक रोजगारमा जाने युवाको परिवार, भूमिहीन किसान आदि) का युवालाई मध्यनजर गर्दै युवालाई स्वरोजगार बनाउन राज्यका कुन-कुन निकायले भूमिका खेल्नुपर्ने हो, सोही अनुरुप राज्यले नीति लिन आवश्यक छ ।

स्वरोजगारको क्षेत्र नितान्त एकांकी क्षेत्र होइन, यो क्षेत्र अन्य धेरै क्षेत्रसँग अन्तर्सम्बन्धित हुन्छ । त्यसैले आयात-निर्यात नीति, युवा नीति, वैदेशिक रोजगार नीति, शिक्षा नीतिका चुनौतीलाई समेत सम्बोधन गर्दै स्वरोजगारका अवसर सिर्जना गर्नका लागि स्वरोजगार नीति आवश्यक देखिन्छ ।

संविधानमै समाजवाद उन्मुख अर्थ-व्यवस्थाको परिकल्पना गरिए पनि व्यवहारमा युवाहरू आर्थिक उपार्जनमा जोडिन नसक्दा नैराश्यता बढिरहेको छ । हाम्रो उत्पादन प्रणाली (मोड अफ् प्रोडक्सन) पुरानै रहेको, उत्पादनका साधनको वितरण प्रणालीमा कुनै सुधार नभएको तर बारम्बार शासन सत्ताका पात्र मात्र परिवर्तन भएको अवस्था छ । त्यसैले सरकारी तथा निजी क्षेत्रको रोजगारीमा आबद्ध हुनबाट वञ्चित लाखौं ऊर्जाशील युवालाई समेट्ने गरी स्वरोजगार नीति निर्माण गर्न सबै सम्बन्धित निकायको ध्यान आकृष्ट होस् । (लेखक युवा स्वरोजगार कोषको कार्यक्रम शाखाप्रमुख हुन् ।)

रातोपाटीबाट


# चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो । चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

डिभिजन वन कार्यालय

राजविराज, सप्तरी

# मारवाडी सेवा समितिद्वारा प्रधानमन्त्रीलाई ज्ञापन

**राजविराज**/मारवाडी सेवा समितिद्वारा संचालित काठमाडौंस्थित पशुपती गौशाला धर्मशालामा महानगर प्रहरीद्वारा हस्तक्षेप गरिएको भन्दै सप्तरीका मारवाडी समुदाय आन्दोलित भएका छन ।

विहीवार सप्तरी सदरमुकाम राजविराजमा प्रर्दशन र प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै मारवाडी समुदायले मुद्दाको अन्तिम किनारा नलाग्दै पशुपती गौशाला धर्मशालामा काठमाडौ महानगरपालिका मार्फत नगर प्रहरी प्रवेश गराएर द्वन्द्व निम्त्याउने प्रयास गरिएको भन्दै उक्त कार्य अविलम्ब रोक्न माग गरेका छन ।

मारवाडी सेवा समिति सप्तरीका महासचिव बैजनाथ जोशीको अगुवाईमा प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीमार्फत प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनपत्रमा गौशाला धर्मशाला मारवाडी सेवा समितिलाई नै संचालनको जिम्मेवारी दिनु पर्ने माग गरिएको छ ।

ज्ञापन पत्रमा ८४ वर्ष पूर्व तत्कालिन प्रधानमन्त्री श्री ३ जुद्ध शम्मशेरले मारवाडी समुदायलाई उक्त जग्गा सेवा संचालनका लागी उपलब्ध गराएको दाबीका साथ २०६० साल जेठ १२ गते मारवाडी सेवा समितिले पशुपती विकास कोष सित धर्मशाला संचालन सम्बन्धमा सम्झौता गरेको उल्लेख छ । तर, अहिले आएर कोषले एकतर्फी रुपमा सो सम्झौता खारेज गरीदिएको भन्दै ज्ञापनपत्र माफर्त तिब्र असन्तुष्टि ब्यक्त गरिएको छ ।

उक्त विवाद सम्बन्धमा काठमाडौ जिल्ला अदालतबाट भएको आदेश तथा सो उपर उच्च अदालतमा पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहेको अवस्थामा पशुपती क्षेत्र विकास कोषले अधिकारको दुरुपयोग गरी काठमाडौ महानगरपालिकासँग मिलेर विना कुनै लिखित जानकारी बल प्रयोग गर्दै धर्मशालामा गैरकानुनी ढंगले कब्जा जमाएको ज्ञापन पत्रमा उल्लेख छ ।

गौशाला धर्मशालाको स्थापना कालदेखी नै मानवीय सेवाहरु समेत निशुल्करुपमा संचालन हुदै आएको र यसबाट अहिलेसम्म लाखौ ब्यक्ती लाभान्वित भएको जनाउदै ज्ञापन पत्रमा गौशाला धर्मशालाको आम्दानी कुनै मारवाडी ब्यक्तीगत अथवा संस्थागत रुपमा नलिएको उल्लेख गरिएको छ ।

जिल्ला अदालतको फैसलाको पुर्णपाठ आएपछि उच्च अदालतमा मुद्दा गर्ने म्याद कायमै रहेको अवस्थामा पशुपती विकास कोष र काठमाडौं महानगरपालिकाले गरेको हस्तक्षेपलाई तत्काल रोक्न आवश्यक पहलका लागी ज्ञापन पत्रमार्फत प्रधानमन्त्री संग माग गरीएको छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी मग्रातिले तत्कालै उक्त ज्ञापन पत्र प्रंधानमन्त्रीको कार्यालयमा पठाउने प्रतिबद्धता जनाएका थिए ।

सो अवसरमा नागरिक समाजका अध्यक्ष थानसिह भन्साली, उधोग बाणिज्य संघका कोषाध्यक्ष प्रमोद काबरा, उधोग बाणिज्य संघका पुर्व अध्यक्ष मनोज मुन्धडा, मारवाडी युवा मञ्चका केन्द्रीय सदस्य विसान्त जैन, तेरापन्थ सभाका प्रदिप तातेडका साथै युवा व्यवसायी सुशिल काबरा, मनिष दुगड लगायतको उपस्थिती रहेको थियो ।

# डाक्नेश्वरी नगरपालिकाको बेथिति विरुद्ध नेपाली काँग्रेसको प्रदर्शन

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिकाका बेथिति विरुद्ध बिहीबार नेपाली काँग्रेस डाक्नेश्वरीको अगुवाईमा विभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरुले प्रदर्शन गरेका छन् ।

नेपाली काँग्रेसका नगर कार्यसमिति सभापति नारायण यादवको नेतृत्वमा नगरपालिकामा देखिएको बेथिति विरुद्ध ९ बुँदे माग सहित प्रदर्शन गरिएको हो ।

भ्रष्टाचार संस्थागत गर्न ल्याएका निमित्त प्रमुख प्रशासकीय अधिकृत फिर्ता गर, जनप्रतिनिधिहरुको छोरा छोरी ज्वाईलाई नियुक्ति गर्न काम बन्द गर, नगरपालिकाको कोष लाई दुरुपयोग गर्ने लेखापाल तथा कर्मचारीलाई कारबाही गर, पालिकाको श्रोत साधन दुरुपयोग गर्ने मेयरको सम्पति छानवीन गर लगायतका ९ बुँदे माग राखि प्लेकार्ड सहित नगरपालिका विरुद्ध प्रदर्शन गरिएको नेपाली काँग्रेसका नगर सभापति नारायण यादवले बताए ।

प्रदर्शनमा सहभागि नेपाल विद्यार्थी संघ सप्तरीका सभापति राकेश ठाकुरले नगरपालिका भ्रष्टाचारमा डुबेको आरोप लगाए । उनले राजस्व सम्म चुहावट गर्ने अनि भागबण्डाको लागि संकल्प यात्राको नाटक गरेर धर्म समेतलाई बदनाम गर्ने जनप्रतिनिधिहरुलाई नैतिकताको आधारमा राजिनामा दिन माग गरे ।

नगरप्रमुख रामलखन मलाहले उनीहरुको माग क्रमिक रुपमा पुरा गरिरहेको दावी गरे । उनले आफ्नो गाडी नगरपालिकामा भाडामा दिएको बारे अस्विकार गर्दे वडा समितिको निर्णय अनुसार पाउने व्यक्तिहरुले कोरोनाको भुक्तानी दिएको बताए ।

यता नगर उपप्रमुख मिरा कुमारी यादवले नगरपालिका कार्यालयमा के भईरहेको छ सो बारे आफूलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिईन् । सूचना उपलब्ध गराउने बारेमा नगरप्रमुख मलाह र प्रमुख प्रशासकीय अधिकृतले ७ दिनको समय त्यतिबेला दिएको बारे आफूलाई थाहा भएको तर, कार्यालयको गतिविधिबारे आफूसँग कुनै सरसल्लाह नहुने गरेकोले अनभिज्ञता प्रकट गरिन् ।

नेपाली काँग्रेस डाक्नेश्वरीको अगुवाईमा भएको प्रदर्शनमा जिल्ला सदस्य सुरेन्द्र बिमल यादव, प्रदेश महाधिवेशन प्रतिनिधि धर्मदेव यादव, नेकपा माओवादीका भूलाई राम र लोसपाका रुपेश कुमार साह लगायतको सहभागिता थियो ।

# बाढीबाट प्रभावित परिवारलाई नगद बितरण

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका २ सय २२ बाढीबाट प्रभावित परिवारलाई राहत स्वरुप नगद रकम बितरण गरिएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ९ कार्यालयमा आयोजित कोशीबाढी प्रभावित घरधुरीका लागि नगद हस्तान्तरण कार्यक्रममा उक्त सहयोग उपलब्ध गराइएको हो ।

विश्व खाद्य कार्यक्रमको सहयोग, सेवक नेपालको आयोजना तथा ९ नं. वडा कार्यालयको समनवयमा उक्त वडाका २ सय २२ परिवारलाई जनही १५ हजारका दरले नगद सहयोग उपलब्ध गराइएको हो ।

पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना अन्तरगत उक्त पालिकाका बाढी प्रभावित घरधुरीका करिब १ हजार ३ सय भन्दा बढी बाढी पीडितले हालसम्म नगद सहयोग प्राप्त गरिसकेको सेवक नेपाल संस्थाका कार्यक्रम प्रमुख मुरारी शुक्लाले बताए ।

उनले कोशी बाढीबाट प्रभावित व्यक्तिको पहिचान सम्बन्धीत वडा कार्यालय, स्थानीय बिपद् व्यवस्थापन समितिका प्रतिनिधि तथा सुरक्षा निकायका प्रतिनिधिसमेत राखेर निश्पक्ष ढंगले चयन गरिएको दावी समेत गरेका छन् ।

यता शुक्रबारै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका केही वडाका बाढी पीडितहरुले हालसम्म राहत बितरण भएका र अब पाउन बाँकी रहेकाहरुको नामावली सार्वजनिक गर्न, बास्तविक बाढी पीडितलाई राहत उपलब्ध गराउन, राहत बितरण प्रक्रियालाई व्यवस्थित बनाउन तथा राहत बितरण प्रक्रियाको छानबिन हुनु पर्ने लगायतका माग राख्दै प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई ज्ञापनपत्र बुझाएका छन् ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

### सुडानमा ३० लाख भन्दा बढी मानिसहरु हैजाको जोखिममा : युनिसेफ

**खार्तुम**/संयुक्त राष्टसङ्घीय बाल कोष (युनिसेफ) ले शुक्रबार सुडानमा ३० लाखभन्दा बढी मानिसहरु हैजाको जोखिममा रहेको जनाएको छ ।

युनिसेफले पाँच वर्ष मुनिका छ लाख बालबालिकासहित करिब ३० लाख मानिसहरु हैजाको जोखिममा रहेको सामाजिक सञ्जाल एक्समार्फत जनाएको हो ।

युनिसेफका अनुसार सुडानमा सन् २०२३ अप्रिलमा भएको आन्तरिक द्वन्द्वका कारण अत्यावश्यक खोपको उपलब्धता ८५ प्रतिशतबाट घटेर करिब ५० प्रतिशतमा झरेको छ ।

द्वन्द्वप्रभावित क्षेत्रका ७० प्रतिशतभन्दा बढी अस्पताल बन्द रहेको तथा अग्रपङ्क्तीमा रहेर स्वास्थ्य सेवा प्रधान गर्ने स्वास्थ्य अधिकारीलाई महिनौंदेखि तलब भुक्तानी नगरिएको युनिसेफले जनाएको छ । आन्तरिकद्वन्द्व सुरु भएदेखि नै हैजा, मलेरिया, खसरा र डेङ्गु ज्वरोजस्ता महामारी रोगहरू फैलिंदा सयौंको मृत्यु भएको छ ।

सुडानको स्वास्थ्य मन्त्रालयले अगस्टमा देशमा हैजाको प्रकोप घोषणा गर्दै द्वन्द्व र अशुद्ध पानीको प्रयोग तथा बिग्रिदो वातावरणीय अवस्था हैजा फैलावटको कारण भनेको थियो । एजेन्सी

### इजरायलद्वारा अस्पतालमा आक्रमण

**गाजास्ट्रिप**/इजरायली सेनाले शनिबार उत्तरी सहर बेत लाहियाको इन्डोनेसियाली अस्पताललाई घेरा बन्दी गरी आक्रमण गरेको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

“इजरायलले अस्पताललाई पूर्णरूपमा घेरी बिजुली लगायतका सेवाहरु अवरुद्ध गरी अस्पतालका भवनलाई निशाना बनाइ आक्रमण गरेको स्वास्थ्य सेवा निर्देशक मारवान सुल्तानले बताउनुभएको छ । उहाँका अनुसार आक्रमणका कारण उक्त क्षेत्रका “चिकित्सा कर्मचारी तथा बिरामी गम्भीर जोखिममा रहेका छन् ।”

गाजाको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इजरायलले अस्पतालका भवनहरुमा लक्षित गरी गरिएको आक्रमणमा “मेडिकल स्टाफका अतिरिक्त ४० जना भन्दा बढी बिरामी घाइते भएको जनाएको छ । अस्पताल क्षेत्रमा भएको खतरनाक आक्रमणले बिरामी तथा स्वास्थ्य कर्मचारीमा ठूलो त्रास अवस्था निम्त्याएकोसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस महिनाको सुरुमा उत्तरी गाजामा नयाँ आक्रमण सुरु गरेको इजरायलले पुनः समूहबद्ध भएका हमास लडाकुलाई लक्षित गरेको जनाइएको छ । गाजाको नागरिक सुरक्षा एजेन्सीले यसअघि नजिकैको जबालियामा भएको इजरायली हमलामा ३३ जनाको मृत्यु भएको जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला एजेन्सीले “उत्तरी गाजामा सर्वसाधारणले सामना गरिरहेको बढ्दो डरलाग्दो र खतरनाक अवस्थाबारे चेतावनी जारी गर्दै यहाँका बासिन्दा निरन्तरको आक्रमणका कारण पिडादयी अवस्थाको बीचमा बाँच्न बाध्य रहेको शुक्रबार जनाएकोछ । एजेन्सी

### सिनवारको मृत्यु भए नि हमास जीवित रहेको खमेनीको घोषणा

**तेहरान**/इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले गाजामा भएको इजरायली सैन्य कारबाहीमा हमासका नेता याह्या सिनवारको मृत्यु भए पनि हमास जीवित रहेको शनिबार घोषण गर्नुभएको छ ।

सिनवारको मृत्यु पीडादायी भए तापनि सिनवारको शहादतसँगै हमासको अन्त्य नहुने खामेनीले बताउनु भएको छ । उहाँले विज्ञप्ति जारी गर्दै प्यालेस्टिनी इस्लामवादी आन्दोलन र हमास अझै जीवित रहने जनाउनुभएको हो ।

खमेनीले सिनवारको बारेमा उल्लेख गर्दै भन्नुभयो, “सिनवार प्रतिरोध र सङ्घर्षको चम्किलो व्यक्तित्व हुन,जो क्रूर र आक्रामक शत्रुविरुद्ध अटुट दृढ सङ्कल्पका साथ उभिन्थे।” सन् २०२३ अक्टोबर-७ को आक्रमणको मुख्य नाइकेको रुपमा सिनवारलाइ चित्रित गर्दै सिनवारको मृत्युले युद्ध भड्किएको भए नि निरन्तर अघि बढ्ने बताउनु भएको छ ।

उहाँल सन् २०२३ अक्टोबर-७ बाट सुरु भएको युद्धमा सिनवार यस क्षेत्रको इतिहासमा उच्च बिरासतको साथ उल्लेख्य योगदान गरी सम्मान र गर्वका साथ शहीद भएको बताउनु भएको छ ।

इरानले आफ्नो कट्टर शत्रु इजरायललाई मान्यता नदिने बताउदै सन् १९७९ को इस्लामिक क्रान्तिपछि प्यालेस्टिनी उद्देश्यका लागि आफ्नो समर्थनलाई आफ्नो विदेश नीतिको आधार बनाएकोसमेत उहाँले उल्लेख गर्नु भएको छ ।
लामो समयदेखि छायाँमा रहेका सिनवारले गत जुलाईमा इरानी राजधानी तेहरानमा हमासका नेता इस्माइल हानियाहको हत्यापछि हमासको प्रमुखको पदभार ग्रहण गरेको स्रोतले जनाएको छ । इरानले सिनवारको हत्याको दोष इजरायललाई लगाइएको छ यद्दपि इजरायलले भने हाल सम्म घटनाको जिम्मेबारी लिएको छैन । एजेन्सी

# महोत्सवको अनुमति खारेजीको माग गर्दै प्रदर्शन




**राजविराज**/राजविराज महोत्सवका लागि राजविराज नगरपालिकाले अनुमति दिएको बिरोधमा शनिबार संयुक्त युवा विद्यार्थी संगठनले बिरोध प्रदर्शन गरेको छ ।

अखिल क्रान्तिकारी, नेविसंघ, एकीकृत समावादी युनियन र लोकतान्त्रिक विद्यार्थी संगठनले संयुक्त रुपमा शनिबार बिरोध प्रदर्शन गरेको हो ।

अखिल क्रान्तिकारीका केन्द्रिय सदस्य गजेन्द्र यादवले विगतमा राजविराजस्थित रंगशालामा त्यस्तै प्रकारको महोत्सवले निकै क्षति पुऱ्याएको र भिंड अनियन्त्रित भई अराजकता समेत मच्चिएको भन्दै यसपटकको महोत्सवका लागि अनुमति खारेजी हुनु पर्ने माग गरेका छन् ।

उनले कात्तिक ९ गतेदेखी राजविराज महोत्सवका लागि ड्रिम नेपाललाई राजविराज नगरपालिकाले अनुमति दिएको जानकारी समेत दिए ।

# ६ सय २१ वटा राँगाको बलि



**राजविराज**/बडा दसैंको महानवमीका दिन सप्तरीको भारदहस्थित कङ्कालिनी भगवती मन्दिरमा ६ सय २१ वटा राँगाको बलि चढाइएको छ ।

मन्दिर विकास समितिका सचिव प्रमु मण्डलले गोलाप्रथाद्वारा कङ्कालिनी नगरपालिका-१ भलुवा निवासी प्रमोद यादवको राँगाको बलि सुरुमा चढाइएको छ । त्यसपछि दिउँसो १२ बजेदेखि सुरु भएको राँगाको बलि दिने कार्यक्रम साँझ ८ बजेसम्म चलेको थियो । गत वर्ष छ सय तीन वटा राँगाको बलि चढाइएको थियो ।

मन्दिरमा घटस्थापनादेखि महानमवीसम्म करिब ३५ हजारको हाराहरीमा खसीबोकाको बलि दिएको मन्दिर विकास समितिले जनाइएको छ । मनकामना एवं भाकल पूरा भएपछि नेपालको विभिन्न जिल्ला र छिमेकी राष्ट्र भारतको विहार राज्यअन्तर्गतका बिभिन्न जिल्लाबाट पनि राँगाको बलि दिन भक्तजन मन्दिरमा आउने गरेका छन् ।

सप्तरी जिल्लासहित सिरहा, धनुषा, उदायपुर, सुनसरी मोरङ, झापा र छिमेकी राष्ट्रिय भारतको विहार राज्यको सुपोल, मधुवनी अररिया बिहारलगायतका ठाउँबाट लाखौंको सङ्ख्यामा यहाँ दर्शनार्थी यस मन्दिरमा यस वर्ष पनि विगतकै जस्तो भीड लागेको थियो ।

त्यस्तै सप्तरीकै प्रसिद्ध छिन्नमस्ता गाउँपालिका वडा नं. ३ सखडामा रहेको छिन्नमस्ता भगवती मन्दिरमा पनि घटस्थापनादेखि महानमवीसम्ममा करिब ३५ हजारको हाराहारीमा पशुबलि चढाइएको जनाइएको छ ।

## लामिछानेलाई ...

चितवन निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित लामिछानेलाई कास्की जिल्ला अदालतको पक्राउ अनुमतिबमोजिम फौजदारी कसूरको अनुसन्धानका क्रममा पक्राउ गरिएको सूचनामा जनाइएको छ ।

## एक सातादेखी ...

आफन्तको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । बोल्न र कान सुन्न नसक्ने रोगले पीडित महिला पोखरेल बाटो विराएर यसरी अलपत्र र परिवारसंग सम्पर्क विहिन भएको अनुसन्धानको क्रममा खुलेको छ ।

# करेन्ट लागेर मृत्यु

**राजविराज**/राजविराज नगरपालिका १ पडरियामा करेन्ट लागेर बुधबार एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोही वडा निवासी ५५ वर्षिय अबुल मियाँ छन् । नवनिर्मित आफ्नो भवनमा बुधबार बिहान पानी लगाउँदै गर्दा उनलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर अचेत भएका उनलाई तत्काले उद्धार गरि उपचारका लागि अस्पतालतर्फ लैजादै गर्दा बाटोमै मृत्यु भएको परिवारजनले जनाएको छ ।

# १६ जना सडक आश्रित मानवनको उद्धार

**राजविराज**/मेची-महाकाली राष्ट्रिय उद्धारयात्रा २०८१ अन्तर्गत शुक्रबार सप्तरीबाट १६ जना सडक आश्रित मानवनको उद्धार गरिएको छ ।

जिल्लाको विभिन्न स्थानबाट अभियानका टोलीद्वारा सडकपेटी तथा सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा भेटिएका मानवको उद्धार गरिएको मानव सेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले बताए । मानवताको देशका रुपमा नेपाललाई अघि बढाउन पनि यस्तो अभियान लिएर मेची-महाकाली यात्रामा निस्केको उनले बताए ।

आश्रमकी अभिभावक एंव आनी छोइङ डोल्मा फाउण्डेशनकी अध्यक्ष आनी छोइङ डोल्माले मानव सेवा नै राष्ट्र सेवा हो भन्दै यस्ता कार्यले मनबाट विकारजन्य सोच हटाई मानवीय सेवामा लाग्ने प्रेरणा प्रदान गर्ने बताईन । उनले रिस, राग, द्वेष, अहंकार लगायतका कुभावनाहरु त्यागेर मानव सेवामा लाग्न आग्रह समेत गरिन ।

टोलीको स्वागत गर्दै मधेश प्रदेशका पूर्व शिक्षा मन्त्री महेश प्रसाद यादवल सडक मानव उद्धार कार्यले आफु जस्ता राजनीतिकर्मी समेतलाई यस्तो पुण्य कार्यमा लाग्न प्रेरणा दिएको भन्दै यस अभियानमा आफनो तर्फबाट हुन सक्ने सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनी आश्रमलाई विगत १ वर्ष देखि आफनो व्यक्तीगत तर्फबाट वार्षिक १२ हजार रुपैया उपलब्ध गराउँदै आएका छन ।

राजविराज नगरपालिका कार्यवाहक नगर प्रमुख इसरत परवीनले यस्ता अभियानले सडक आश्रित मानवको कल्याण र जीवनमा सुधार ल्याउन मदत पुऱ्याउने बताईन । सडकमा आश्रित मानवहरुको संख्या राजविराज नगरक्षेत्रमा पनि बढदै गएको भन्दै उनले उनीहरुको व्यवस्थापनका लागी राजविराजमा पनि आश्रमको कार्यालय संचालन गर्न आग्रहसहित त्यसका लागी जग्गा उपलब्ध गराउन नगरपालिका तत्पर रहेको बताईन ।

लायन्स क्लब ३२५ का डिस्ट्रीट गर्भनर शंकर शारदाले राजविराजमा आश्रम भवन बनाउने निश्चित भए आफुले २ करोड रुपैयाको सहयोग उपलब्ध गराउनका लागी पहल गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साह, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, इन्सेक प्रतिनिधी मनोहर पोखरेल लगायतले आश्रमको अभियानको प्रशंसा गर्दै सफलताको शुभकामना दिएका थिए । उद्धार गरिएका १६ जनालाई कपाल काटी, नुहाईधुवाइ गरेर टोली सँगै भोजन समेत गराई शुक्रवार नै मानव सेवा आश्रम जनकपुर लगिएको सो संस्थाले जनाएको छ ।

असोज २६ गते देखी कोशी प्रदेशको मेची पुलबाट “यो पटकको चाडपर्वमा कसैले वस्न नपरोस सडकपेटीमा ”सहयोगापेक्षी सडक मानव मुक्त राष्ट्र निर्माण गरौ, उनीहरुको खाना, नाना र छानाको प्रबन्ध गरौ लगायतका नारा र मुल भावनाका साथ सुरु भएको ३२ दिने अभियान यात्रा कार्यक्रम अन्तर्गत शुक्रवार सप्तरीबाट १६ जना सडकमा आश्रित मानवको उद्धार गरिएको हो ।

# पुल निर्माण नहुँदा आवतजावतमा समस्या

**राजविराज**/हुलाकी राजमार्गअन्तर्गत राजविराज-कञ्चनपुर जोड्ने सप्तरीको अग्निसाइरकृष्ण सवरण गाउँपालिका ४ बनौलीस्थित कालिया खोलामा निर्माणाधीन पुल अलपत्र अवस्थामा रहेको छ ।

लामा बागमती निर्माण सेवाले विसं २०७१ मा निर्माण सुरु गरे पनि अझै सम्पन्न हुन नसक्दा आवतजावतमा निकै समस्या भइरहेको छ ।

विगत एक दशकदेखी सुस्त गति निर्माण कार्य भइरहँदा खोला तरेर दैनिक सयौं सवारीसाधन र स्थानीयले आवातजावत गर्नुपर्ने बाध्यता रहेको स्थानीय पिन्टु यादवले गुनासो गरेका छन् । जिल्लाको सदरमुकाम राजविराजसमेत जोडने पुल भएकाले दैनिक हजारौं मानिसले जोखिमपूर्ण यात्रा गर्नु परिरहेको छ ।

तिरहुत गाउँपालिका-३ का बुधिलाल अरगारिया यादवले समयमा पुल निर्माण नहुँदा वर्षाको समयमा खोलामा अत्यधिक बाढी आउने र आवतजावतमा अवरोध सिर्जना हुने गरेको बताए ।

“सामान्य वर्षा भए पनि खोलाबाट चारपाङ्ग्रे र दुईपाङ्ग्रे गाडी आउनेजानेक्रम पूर्ण रुपमा बन्द हुने गरेको छ । राजविराजबाट जिल्लाको पूर्वमा महेन्द्र राजमार्ग जोड्ने तिरहुत गाउँपालिका, कञ्चरुप नगरपालिका, सप्तकोसी नगरपालिका र उदयपुर जिल्लासम्मका लामो तथा छोटो दूरीका सवारीसाधन सञ्चालनमा अवरोध हुन्छ”, उनले भने ।

यस्तै, यस आसपास जोडिएको करिब दुई किलोमिटर सडकसमेत कालोपत्रे हुनसकेको छैन । बज्रगुरु निर्माण सेवा जेभीको ठेक्कामा रहेको यो सडक कालोपत्र नहुँदा थप समस्या भइरहेको स्थानीय देवनारायण यादवले गुनासो गरे ।

यस्तै तिरहुत गाउँपालिका-५ बुधेवामा पुल निर्माण भए पनि त्यससँग जोडिएको एक किलोमिटर सडक कालोपत्र गर्न ढिलाइ भएको छ ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउछ ।

त्यसैले मधुमेहबाट बचन,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परिक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*